# श्री सिद्धि गणेश

## बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका–६, हरमटारी, गोरखा

# एघारौं बार्षिक साधारण सभा

## प्रतिवेदन २०७८,कात्तिक १३

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**एघारौं बार्षिक साधारण सभामा सचिव काजीराम श्रेष्ठबाट प्रस्तुत**

## प्रगति प्रतिवेदन

***२०७८ कात्तिक १३ गते***

आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारीहरु एवं सदस्यज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै संस्थाको आ.व. २०७७/०७८ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु । अध्यक्षज्यू, संचालक, कर्मचारीहरु, विभिन्न उपसमितिहरुसंग भएको अनुभव र उर्जालाई संस्थाको स्थापनाकालदेखि हालसम्म संस्थागत विकासमा उपयोग गर्दै अघि बढ्दा एघारौं साधारण सभासम्म आईपुग्दा जिल्लाको उत्कृष्ट भनिएका सहकारीहरुको उचाई भन्दा कम नहुने गरी हाम्रो संस्थालाई उभ्याउन सफल भएको कुरा यहाँहरु समक्ष गौरवका साथ राख्न चाहन्छु । संस्थाले विभिन्न समयमा विभिन्न आरोह अवरोहको सामना गर्दै आजको दिनसम्म आईपुग्दा विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड–१९) को कारणले संस्थालाई पनि असर पारेको कुरा सर्वविदितै छ । हालसम्म संस्थाले आर्जन गरेको प्रगति र भविष्यमा आईपर्ने चुनौतिहरुको सामना गर्दै नयाँ सम्भावनाहरुको खोजी गर्दै संस्थालाई अरु उचाईमा पुऱ्याउन सम्पूर्ण सेयर सदस्यज्यूहरुले निरन्तर सल्लाह, सुझाव र सद्भाव रहनेछ भन्ने मैले विश्वास लिएको छु । एघारौं साधारणसभाको यो घडीमा संस्थाको तर्फबाट सचिवको हैसियतले सम्पूर्ण सदस्यहरुलाई धन्यवाद एवं उच्च सम्मान व्यक्त गर्दै प्रतिवेदन प्रस्तुत गर्दछु ।

## संस्थाको संक्षिप्त इतिहास

आदरणिय सेयर सदस्यज्यूहरु,

गोरखा नगरपालिका भित्र कार्यक्षेत्र रहने गरी २७ जना सेयर सदस्यहरु मिली एकातिर आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने, अर्कोतिर एकआपसमा सहयोग आदानप्रदान र भाईचाराको सम्बन्ध स्थापना गर्दै संस्थागत रुपमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. गोरखा नामाकरण गरी गोरखा जिल्लाको सहकारी इतिहासमा एउटा उदाहरणीय र नमुना सहकारीको रुपमा आफुलाई चिनाउने लक्ष्यका साथ २०६७ पौष १७ गते सहकारीको स्थापना गराउनको लागी छलफल शुरु गरी २०६७ माघ १ गते सम्पन्न प्रथम प्रारम्भिक भेलाले श्री अच्युतलाल श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी २०६७ माघ २६ गते डिभिजन सहकारी कार्यालय दमौलीमा विधिवत् दर्ता गराई २०६८ बैशाख २३ गते शुक्रबारदेखि गोनपा–३, हरमटारीमा संस्थाको काउन्टर स्थापना गरी कारोबार शुरु गरिएको हो ।

## संस्थाको उद्देश्य

राज्यले तय गरेको सहकारीको मुल्य, मान्यता र सिद्धान्तको आधारमा हाम्रो समाजमा उपलब्ध श्रोत र साधनलाई एकिकृत र परिचालन गरि संस्थामा आबद्ध सदस्यहरुबाटै निर्मित विधि विधान, निति नियम अनुसार हामीबाटै परिचालन र नियन्त्रण गर्ने आबद्ध सेयर सदस्यहरुको साझा उद्देश्य हो । अर्थात निम्न तथा मध्यम आय भएका व्यक्ति तथा व्यवसायीहरु सहकारीताको माध्यमबाट एउटै समूहमा संगठीत भई छरिएर रहेको पुँजीलाई एकत्रित गर्दै आवश्यकता अनुसार बचत गरी ऋण प्रवाह गर्ने र सेवाबाट आर्जित मुनाफालाई दामासाहीले वितरण गर्ने मुख्य उद्येश्य रहेको छ ।

आदरणीय प्रमुख अतिथि एवं शेयर सदस्यज्यूहरु,

२०७७ कात्तिक २२ गतेसम्पन्न संस्थाको दशौं साधारणसभा तथा तेश्रो अधिवेशनमा प्रस्तुत गरिएको भावि कार्यनिति तथा कार्यक्रम बमोजिम संस्थाले गरेको आ.व. २०७७/७८ को प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) स्थायी कर्मचारीहरुलाई अवकाशको समयमा उपदानको व्यवस्था गर्न आ.व. २०७७।७८ मा रु.३,००,०००।– थप गरिएको छ ।

२) आ.व. २०७७।७८ मा संचालक समितिको जम्मा १६ वटा बैठक सम्पन्न गरिएको छ ।

३) संस्थाको प्रत्येक श्रावण मसान्त भित्र साधारण सभा गर्ने परम्परा बमोजिम २०७७ श्रावण २ गते संचालक समितिको बैठकले २०७७ श्रावण ३१ गते होटल गोरखा प्यालेसमा संस्थाको दशौं साधारण सभा तथा तेश्रो अधिवेशन गर्ने निर्णय भएतापनि जिल्लामा कोभिडको विरामीहरु भयावह हुँदै गएको र स्थानिय प्रसासनको सुचनालाई मध्येनजर गर्दै श्रावण २५ गते आकस्मिक बैठक बसी साधारण सभा तथा अधिवेशन स्थगित गरियो ।

४) २०७७ असोज २३ गते बसेको संस्थाको पुर्ण बैठकले संस्थाको दशौं साधारण सभा तथा तेश्रो अधिवेशन भौतिक उपस्थितिमा गर्ने अवस्था नभएको र सहकारी विकास वोर्डले तत्कालीन परिस्थितिलाई मध्येनजर गर्दै जारी गरेको सहकारीको साधारण सभा तथा अधिवेशन सम्बन्धी नयाँ निर्देशिका बमोजिम २०७७ कार्तिक १६ देखि २२ गतेसम्म जुम प्रविधिको प्रयोग गरी गर्ने निर्णय गरियो ।

५) २०७७ कात्तिक २२ गते सम्पन्न साधारण सभा तथा अधिवेशनले सेयर सदस्य शरद बाबु कट्टेलको अध्यक्षतामा ९ सदस्यीय संचालक समिति निर्विरोध चयन गरियो । जसको उपाध्यक्षमा श्रवण कुमार जोशी, सचिवमा काजीराम श्रेष्ठ, कोषाध्यक्षमा विशाल राना मगर र सदस्यहरुमा नारायण खत्री, गोकर्ण राना मगर, ज्ञानहरी अर्याल, भोला प्रसाद मरहट्टा र बसन्त बस्नेत रहनु भएको छ । सोही सभाले सेयर सदस्य कृष्ण कुमार श्रेष्ठको संयोजकत्वमा जगन सिं गुरुङ र मनकाजी श्रेष्ठ सदस्य रहने गरी ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति चयन भएको जानकारी गराउँदछु ।

६) संस्थाको नियमित बैठक प्रत्येक महिनाको पहिलो शुक्रबार बस्ने निर्णय गरियो ।

७) २०७७ मंसिर २३ गतेको संचालक समितिको बैठकको निर्णय बमोजिम नेपाल सहकारी बैंक लि. को १००० कित्ता संस्थापक शेयर खरीद गर्ने निर्णय गरियो ।

८) संस्थालाई आजको अवस्था सम्म ल्याउन अहोरात्र खटी योगदान गर्नुहुने संस्थापक अध्यक्ष श्री अच्युतलाल श्रेष्ठ ज्यूलाई संस्थाको सल्लाहकारमा नियुक्ती गरियो ।

९) कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २४ महिनाको तलब भन्दा नबढ्ने गरी ११% ब्याजदरमा ऋण सुविधाको व्यवस्था गरिएको छ ।

१०) कम्तीमा २५० कित्ता सेयर लिने संस्थाका सेयर सदस्यहरुको लागी विना धितो सामूहिक जमानी कर्जा रु.१,००,०००।– लगानी गर्ने निर्णय गरी लगानी गर्न शुरु गरिएको छ ।

११) २०७७ माघ २६ गते होटल हिमालयनमा एक समारोहका साथ संस्थाको संस्थापक अध्यक्ष अच्युतलाल श्रेष्ठको प्रमुख आतिथ्यमा स्थापना दिवस कार्यक्रम सम्पन्न गरियो । सोही दिन विहान संस्थाको सामाजिक

उत्तरदायित्व अन्तर्गत गोनपा वडा नं. ८ आहालेमा रहेको श्री सरस्वती मा.वि. मा अध्ययनरत विद्यार्थीहरुको लागी संस्थाको तर्फबाट युरो गार्ड (पानी फिल्टर) हस्तान्तरण गरियो ।

१२) सहकारी ऐनमा व्यवस्था भए बमोजिम संस्था स्थापनादेखि नै कर्जा नोक्सानी कोषको व्यवस्था नभएकोले आ.व. २०७७।७८ मा उक्त कोषको व्यवस्था गरिएको छ । जसमा आ.व. २०७७।७८ को आम्दानीबाट रु.१३,७७,०००।- व्यवस्था गरिएको जानकारी गराउँदछु ।

१३) संस्थामा हाल १३०९ जना सेयर सदस्य रहनु भएको छ ।

१४) आ.व. २०७७।७८ मा संस्थाको तरलताको अवस्था अनुसार सम्पूर्ण बचत र ऋणको व्याजदर परिवर्तन गरिएको छ ।

१५) २०७८ असार १० गते संचालक समितिको निर्णय बमोजिम संस्थामा खराब कर्जा हुन नदिन र ऋण असुलीमा प्रभावकारिता र सुधार ल्याउने उद्येश्यले २०७८ बैशाख २१ देखि असार मसान्तसम्म तिर्न बाँकी सावाँ तथा व्याज दुवै असार २५ गते भित्र बुझाउने ऋणीलाई १०% र व्याज मात्र भुक्तानी गर्ने ऋणीलाई ६% मात्र छुटको सहुलियत योजना लागू गरी आ.व. २०७७।७८ मा जम्मा रकम रु. २,४१,८९२।- छुट दिईयो ।

१६) संस्थाको कुल शेयर पुँजी रु. ३,४३,८८,८००।- बाट बृद्धि भई रु. ३,७८,५५,९००।- पुगेको छ भने सम्पूर्ण शिर्षकमा रु. १६,९३,७६,६३८।- बचत र रु. १४,७७,८४,५९५।- लगानी गरी यसबर्ष संस्थाले रु. २,२४,४८२।- करकट्टी गरी रु. ४०,३८,६४४।- खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

१७) संस्थाको निति, नियम र परिधी भित्र रही प्रक्रिया पुऱ्याई ऋण उपसमितिको सिफारिसमा लगानी भएका सम्पूर्ण ऋणहरुको अनुमोदन गरिएको छ ।

१८) यस आ.व.को मुनाफा मध्येबाट विनियममा व्यवस्था भए अनुसारको रकम विभिन्न कोषमा रकमान्तर गरिएको छ ।

१९) संस्थामा हाल ६ जना कर्मचारीद्वारा नियमित कार्य संचालन गर्दै आएको जानकारी गराउँदछु ।

२०) आर्थिक बर्ष २०७७/७८ मा संस्थाले आर्जन गरेको मुनाफाबाट वितरणयोग्य मुनाफाको लाभांश वितरण गर्ने निति लिईएको छ ।

२१) संस्थामा २५० कित्ता सेयर भएको सदस्यहरुको मासिक बचत रु.५००।- बाट बृद्धि गरी रु. १,०००।- कायम गरिएको छ ।

२२) दश लाख भन्दा माथिको लगानीमा संस्थाले नै तोकेको आधिकारीक कन्सल्टेन्सीबाट मुल्यांकन गराउँदै आएको जानकारी गराउँदछु ।

आदरणीय सेयर सदस्यज्यूहरु,

संस्थाको आर्थिक मेरुदण्ड भनेको सेयर सदस्यहरुको नियमित बचत नै हो र संस्थाले तय गरेको विभिन्न खालको बचत नितिहरु सँगै अनिवार्य बचतको रुपमा मासिक बचतलाई निरन्तरता दिँदै अन्य बचतहरुलाई पनि आफू र आफन्तहरुलाई समेत संस्थामा आबद्ध गराई आगामी दिनहरुमा कारोबार बृद्धि गर्न सहयोग रहने छ भन्ने आशा राख्दै अब म आगामी आ.ब. को लागि संस्थाले तय गरेको भावी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**भावी कार्यक्रमहरु :-**

१) निक्षेप तथा लगानीलाई प्रमुख प्राथमिकता दिदै निक्षेपकर्ताहरुलाई प्रोत्साहन हुने खालको कार्यक्रमहरु ल्याइनुका साथै लगानीका विभिन्न शिर्षकहरुको पहिचान गरी लगानीको क्षेत्र विस्तार गरिनेछ ।

२) समयानुरुप राज्यको अर्थनितिमा आधारित रही विद्यमान बित्तिय संस्था एवं सहकारीहरुको प्रवाह अनुसार हाम्रो संस्थामा पनि व्याजदर परिवर्तन गर्दै लगिने छ ।

३) विनियमको आधारमा विभिन्न कोषहरुमा मुनाफाको रकम बाँडफाँड गरिने छ ।

४) जग्गा खरिद गरि भवन निर्माण कार्य गरिने छ ।

५) अध्ययन अवलोकन भ्रमणको व्यबस्था गरिने छ ।

६) संस्थामा हुने दैनिक कार्य संचालनलाई अझै व्यवस्थित गर्न आवश्यकता अनुसार कर्मचारीहरुको उचित व्यवस्था गरिने छ ।

७) शेयर सदस्य, कार्यसमिति तथा उपसमितिहरु र कर्मचारीहरुलाई सहकारी शिक्षा एवं सीपमूलक तालिमको व्यबस्था गरिने छ ।

८) शेयर सदस्यहरुको संख्या थप गर्दै लगीनेछ ।

९) संस्था संचालनार्थ संस्थालाई आवश्यक पर्ने सम्पूर्ण नितीहरु संस्था अनुकुल हुने गरी तय गरिनेछ ।

१०) संस्थालाई भएको नाफाको लाभांश वितरण गरिनेछ ।

११) सेवा क्षेत्र विस्तार गरिने लक्ष्य लिएका छौं ।

१२) सामाजिक उत्तरदायित्व अन्तर्गत गरिदै आएको कार्यक्रमलाई अझै विस्तार गरिनेछ ।

१३) एउटै प्रकृतिका र क्षेत्रका सहकारीहरुको समायोजन (मर्जर) को प्रकृया अगाडि बढाईनेछ ।

अन्त्यमा, मलाई सचिवको हैसियतले विश्वास गरि यो अवधि सम्म कार्य गर्ने अवसर दिनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई धन्यबाद ज्ञापन गर्दै विगतमा जस्तै यो आर्थिक बर्षमा पनि संस्थाको उद्देश्य हासिल गर्न खट्नु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, कोषाध्यक्षज्यू, सदस्यज्यूहरु, संस्थाका सल्लाहकारज्यू, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, यो प्रतिवेदनमा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराएर सहयोग गर्नु हुने प्रबन्धक लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु । साथै संस्थाका सेयर सदस्यज्यूहरु विज्ञ, विद्वान वर्गहरु पनि हुनुहुन्छ, संस्था सञ्चालन गर्ने विधि मूल्य मान्यताहरु पनि बुझ्नु भएको छ । साधारण सभा निति निर्माण गर्ने निर्णायक थलो पनि हुने भएकोले सञ्चालक समितिद्वारा प्रस्तावित निति तथा कार्ययोजनाहरु उपर व्यापक छलफल र सुझाव सहित अनुमोदन गरिदिनु भई संचालक समितिलाई मार्गनिर्देश गर्नुहुनेछ भन्ने पुर्ण आशा व्यक्त गर्दै प्रतिवेदन प्रस्तोता काजिराम श्रेष्ठ पुन: यहाँहरुको जिज्ञासा र छलफलमा भाग लिने प्रतिबद्धता व्यक्त गर्दै बिदा हुन्छु । धन्यबाद । जय सहकारी ।

**सचिव**
**काजिराम श्रेष्ठ**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## हरमटारी गोरखा ।

### एघारौं बार्षिक साधारण सभामा कोषाध्यक्ष श्री विशाल राना मगरद्वारा प्रस्तुत संस्थाको

## आर्थिक प्रतिवेदन

मिति : २०७८/०७/१३

आदरणीय अध्यक्ष ज्यू,

प्रमुख अतिथि ज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु साथै उपस्थिति सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको आजको यस एघारौं बार्षिक साधारण सभाको शुभ अवसरमा हार्दिक स्वागत गर्दछु । साथै तेश्रो अधिवेशनबाट मलाई कोषाध्यक्ष पदमा निर्विरोध निर्वाचित गराईदिनुहुने सम्पूर्ण सेयर सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

कोभिड-१९ का कारण विश्वकै अर्थतन्त्रमा नकरात्मक असर परेको परिवेशमा हाम्रो सहकारी पनि यसबाट टाढा हुन नसकेको जानकारी गराउँदै आर्थिक बर्ष २०७७/७८ मा संस्थाले हाँसिल गरेको आर्थिक गतिविधिहरु समावेश गरी २०७८ असार मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचीहरु साथै कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन छलफल तथा अनुमोदनको लागी यहाँहरु समक्ष पेश गर्दछु ।

### १. संस्थाको वित्तिय स्थिति

संस्थाको गतबर्ष संगको तुलनात्मक वित्तिय स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि (रकममा) | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|---|
| चुक्ता पुँजी | ३,७८,५५,९०० | ३,४३,८८,८०० | ३४,६७,१०० | १०.०८ |
| जगेडा कोष | ४०,६६,८४२ | ३०,५७,१८१ | १०,०९,६६१ | ३३.०३ |
| स्थिर सम्पत्ति | ११,००,०३९ | १३,३१,९३३ | (२,३१,८९५) | -१७.४१ |
| कुल निक्षेप | १६,९३,७६,६३८ | १६,०९,२४,७६६ | ८४,५१,८७३ | ५.२५ |
| कुल कर्जा लगानी | १४,७७,८४,५९५ | १३,२९,०५,८९३ | १,४८,७८,७०२ | ११.१९ |
| बैंक तथा नगद | ६,८५,०८,०१९ | ६,९५,७०,३७६ | (१०,६२,३५७) | -१.५३ |

### २. संचालन नतिजा

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (प्रतिशतमा) |
|---|---|---|---|---|
| व्याज आम्दानी | २,०८,३०,३२३ | १,९२,००,५२८ | १६,२९,७९५ | ८.४९ |
| विप्रेषण आम्दानी | ९,४४,१५२ | १०,८८,४०३ | (१,४४,२५१) | -१३.२५ |
| अन्य आम्दानी | १३,४२,६५८.०० | ५,२१,३७७ | ८,२१,२८१ | १५७.५२ |
| व्याज खर्च | १,२२,५४,९५८ | १,१६,०६,०१२ | ६,४८,९४६ | ५.५९ |
| संचालन खर्च | ४८,७७,०२४ | ४५,६९,७७२ | ३,०७,२५२ | ६.७२ |
| कर्जा नोक्सानी व्यवस्था | १३,७७,००० | - | १३,७७,००० | |
| ह्रास खर्च | ३,४५,०२५ | ४,२८,०५९ | (८३,०३४) | -१९.४० |
| आयकर | २,२४,४८२ | २,१०,३२३ | १४,१५९ | ६.७३ |
| खुद मुनाफा | ४२,६३,१२७ | ३९,९६,१४६ | २,६६,९८१ | ६.६८ |
| प्रति शेयर मुनाफा | ११.२६ | १२ | | -०.३६ |

### ३. निक्षेप संकलन

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | मुद्दति बचत | ४,८०,२४,१७३ | ४,५३,९१,४३९ | २६,३२,७३४ | ५.८० |
| २ | मासिक बचत | १,०५,८१,१४३ | ७३,२०,६८९ | ३२,६०,४५४ | ४४.५४ |
| ३ | साधारण बचत | ४,८९,११,१९८ | ५,५०,६८,०७५ | (६१,५६,८७७) | (११.१८) |
| ४ | दैनिक बचत | ५४,९९,२३० | ६६,९२,१४१ | (११,९२,९११) | (१७.८३) |
| ५ | चल्ती खातामा बचत | ६,१६,३९५ | ७,४२,९७६ | (१,२६,५८१) | (१७.०४) |
| ६ | बिशेष बचत | १,८३,८४,०७३ | १,६२,२२,८६४ | २१,६१,२०९ | १३.३२ |
| ७ | नारी बचत | २,५२,४२,६७२ | १,४४,३७,९०९ | १,०८,०४,७६३ | ७४.८४ |
| ८ | बाल बचत | ३४,८६,७४९ | ३९,७७,०३३ | (४,९०,२८३) | (१२.३३) |
| ९ | जेष्ठ नागरिक बचत | ६८,८५,४५८ | ९७,४६,६४९ | (२८,६१,१९१) | (२९.३६) |
| १० | कर्मचारी बचत | १७,१६,३४२ | १३,१२,०४३ | ४,०४,२९९ | ३०.८१ |
| ११ | भु. पु. सैनिक बचत | २९,२०६ | १२,९४८ | १६,२५८ | १२५.५७ |
| **जम्मा** | | **१६,९३,७६,६३८** | **१६,०९,२४,७६६** | **८४,५१,८७३** | |

### ४. कर्जा लगानी

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | कृषी, पर्यटन तथा घरेलु उद्योग ऋण लगानी | १८,०८,८५२ | २४,६७,५१४ | (६,५८,६६२) | (२६.६९) |
| २ | घरयासी ऋण लगानी | ७८,८६४ | १,९८,४७६ | (१,१९,६१२) | (६०.२७) |
| ३ | हायर पर्चेज ऋण लगानी | २,६०,५१,१३९ | १,८२,३९,१४५ | ७८,११,९९४ | ४२.८३ |
| ४ | किस्ताबन्दी ऋण लगानी | ३,५८,२५,८५९ | ३,४३,८३,७६२ | १४,४२,०९७ | ४.१९ |
| ५ | ब्यापारिक ऋण लगानी | ५३,२४,८८१ | ९०,२६,९९५ | (३७,०२,११४) | (४१.०१) |
| ६ | मुद्दती बचतमा ऋण लगानी | ११,६०,००० | ८,७०,००० | २,९०,००० | ३३.३३ |
| ७ | सामुहिक जमानी ऋण लगानी | १,४१,६०,००० | १,५८,००,००० | (१६,४०,०००) | (१०.३८) |
| ८ | अल्पकालीन ऋण | ६,३३,७५,००० | ५,१९,२०,००० | १,१४,५५,००० | २२.०६ |
| **जम्मा** | | **१४,७७,८४,५९५** | **१३,२९,०५,८९३** | **१,४८,७८,७०२** | |

आदरणीय शेयर सदस्यज्यूहरु,

अब म संस्थाको आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन पेश गर्न चाहन्छु । साथै प्रतिवेदन उपर गहन छलफल गरी अनुमोदन गरीदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा शेयरधनीहरुले निरन्तर रुपमा हामी प्रति देखाउदै आउनु भएको आत्मियता, न्यानो माया र विश्वास प्रति आभार प्रकट गर्दै संस्थाका व्यवस्थापक लगायत कर्मचारी र लेखापरीक्षकलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामी शेयरधनी महानुभावहरुलाई उच्च स्तरीय सेवाको माध्यामबाट दीर्घकालीन र पारस्परिक सम्बन्ध र सहयोगको विस्तार गर्न प्रतिबद्ध रहेको कुरा विश्वास दिलाउँदै बिदा हुन चाहन्छु । धन्यवाद ।

कोषाध्यक्ष
विशाल राना मगर

जय सहकारी ।

VAT NO.: 107174071
Babarmahal, Kathmandu
Phone: +977-14620140
Email:camisan.mahat@gmail.com

M. Mahat& Associates
Chartered Accountants

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

*शेयर सदस्य महानुभावहरु समक्ष*

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

महोदय,

हामीले यसै साथ संलग्न **श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड** को आषाढ ३१, २०७८ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण तथा नगद प्रवाह विवरणको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणले नेपाल लेखामान तथा प्रचलित लेखापरीक्षण सिद्धान्त र सम्बन्धित ऐन अनुसार आषाढ ३१, २०७८ को वित्तीय स्थिति, सो मितिमा समाप्त बर्षको संचालन नतिजा, नगद प्रवाह, ईक्वीटिमा भएको परिवर्तन तथा संलग्न अनुसूचीहरुको सारभूत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ . यसैसाथ संलग्न लंगफर्म प्रतिबेदन यसको अभिन्न अंग रहेको छ ।

**रायको आधार :**

हामीबाट लेखापरीक्षण कार्य नेपाल लेखापरिक्षणमान तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून समेतलाई आधारमा राखी सम्पन्न भएको छ । ती मानहरुले हामीलाई ब्यबसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारे मनासिब आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछ । हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेको Code of Ethics for Professional Accountants तथा अन्य नैतिक आवश्यकता अनुरुप स्वतन्त्र रही लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**वित्तीय विवरणहरुप्रति व्यवस्थापकको जिम्मेवारी :**

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटि रहित, वित्तीय विवरण संबन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्वान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा संबन्धित महत्वपूर्ण अनुमान व्यवस्थापनले गर्नु पर्दछ ।

**लेखापरीक्षकको जिम्मेवारी :**

लेखापरिक्षणको आधारमा वित्तिय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यवसायीक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभुत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न, लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउँछ ।

लेखापरिक्षण अन्तरगत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनोट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको

लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरीक निर्णय उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरिक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तिय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अबलम्बन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेशण गरेका छौं । लेखापरिक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याईएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्तताहरुको मूल्यांकनका साथै समग्र वित्तिय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो विचारमा ,

क ) लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सूचना र स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

ख ) प्रस्तुत वासलात, आय व्यय विवरण तथा नगद प्रवाह विवरण प्रचलित व्यवस्था अनुसार तयार भएका छन् र यी विवरणहरु संस्थाले राखेको लेखा संग दुरुस्त रहेका छन् ।

ग) संस्थाले कानुन बमोजिम हिसाब किताब र लेखा ठीकसँग राखेको छ ।

घ ) हामीलाई प्राप्त जानकारी एवं दिइएको स्पष्टिकरणहरुको अधारमा संस्थाका संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज गरेको वा प्रत्यक्ष रुपमा वेहिसाब गरेको वा संस्थाको हानी नोक्सानी गरेको वा लेखा सम्बन्धी कुनै जालसाजी गरेको देखिदैन ।

हाम्रो रायमा वित्तिय विवरणहरु अध्ययन गर्दा संलग्न वासलातले संस्थाको आषाढ ३१, २०७८ को आर्थिक स्थिती तथा आय व्यय विवरण र नगद प्रवाह विवरणले सो मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा तथा नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

M. Mahat & Associates
Kathmandu
Nepal
Chartered Accountants

स्थान : काठमाण्डौं

मिति : २०७८/०७/ ०७

UDIN NO- 211026CA0107966EoY

सिए. मिसन महत

एम. महत एण्ड एसोसिएट्स

*चार्टड एकाउण्टेण्ट्स*

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

## वासलात

मिति २०७८ साल आषाढ मसान्तको

| पूँजी तथा दायित्व | अनुसूची | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| शेयर पूँजी | १ | ३,७८,५५,९०० | ३,४३,८८,८०० |
| कोष हिसाब | २ | १,००,९०,८५४ | ९९,४७,०३२ |
| बाह्य ऋण तथा सापटी | ३ | - | - |
| पूँजीगत अनुदान | ४ | - | - |
| बचत तथा निक्षेप | ५ | १६,९३,७६,६३८ | १६,०९,२४,७६६ |
| चालु दायित्व तथा व्यवस्था | ६ | २६,३७,६३७ | १७,५५,२०९ |
| कर दायित्व | ७ | २,२४,४८२ | २,१०,३२३ |
| दीर्घकालिन दायित्व | ८ | - | - |
| स्थगन कर दायित्व | ९ | - | - |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | २२ | १३,७७,००० | - |
| **कुल पूँजी तथा दायित्व** | | **२२,१५,६२,५१२** | **२०,७२,२६,१३०** |
| **सम्पत्ति** | | | |
| नगद मौज्दात | १० | ७,५४,५२२ | १,८२,५९२ |
| बैंक मौज्दात | ११ | ६,७७,५३,४९७ | ६,९३,८७,७८४ |
| लगानी | १२ | १,१०,७०० | १,१०,७०० |
| कर्जा तथा सापट लगानी | १३ | १४,७७,८४,५९५ | १३,२९,०५,८९३ |
| चालु सम्पत्ति | १४ | ४०,५९,१५८ | ३३,०७,२२८ |
| स्थिर सम्पत्ति | १५ | ११,००,०३९ | १३,३१,९३३ |
| अन्य दीर्घकालिन सम्पत्ति | १६ | - | - |
| स्थगन कर सम्पत्ति | ९ | - | - |
| **कुल सम्पत्ति** | | **२२,१५,६२,५१२** | **२०,७२,२६,१३०** |

लेखा सम्बन्धी प्रमुख नीतिहरु २३

लेखा सम्बन्धी टिप्पणीहरु २४

अनुसूची १ देखि १६ तथा २३ र २४ वित्तीय स्थिति विवरणका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा

| गणेश बाबु श्रेष्ठ | काजीराम श्रेष्ठ | विशाल राना मगर | शरद बाबु कट्टेल | सिए मिसन महत |
|---|---|---|---|---|
| व्यवस्थापक | सचिव | कोषाध्यक्ष | अध्यक्ष | एम. महत. एण्ड. एसोसियट्स |
| | | | | चार्टर्ड एकाउण्टेण्टस् |

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

मिति:२०७८.०७.०७

स्थान:काठमाण्डौ

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

## नाफा/नोक्सानी हिसाब विवरण

मिति २०७७ साल श्रावण १ देखि २०७८ साल आषाढ मसान्त सम्म

| विवरण | अनुसूची | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| **आम्दानी हिसाव** | | | |
| ब्याज आम्दानी | १७ | २,०८,३०,३२३ | १,९२,००,५२८ |
| ब्याज खर्च | १८ | १,२२,५४,९५८ | १,१६,०६,०१२ |
| **खूद ब्याज आम्दानी/(खर्च)** | | **८५,७५,३६५** | **७५,९४,५१६** |
| अन्य सञ्चालन आम्दानी | १९ | २२,८६,८१० | १६,०९,७८० |
| **प्रशासकिय खर्च अघिको मुनाफा** | | **१,०८,६२,१७६** | **९२,०४,२९७** |
| कर्मचारी खर्च | २० | १४,८६,३८१ | १४,६४,६७४ |
| प्रशासकिय खर्च | २१ | ३३,९०,६४३ | ३१,०५,०९८ |
| ह्रासकट्टी खर्च | १५ | ३,४५,०२५ | ४,२८,०५६ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | | **५६,४०,१२७** | **४२,०६,४६९** |
| सम्भावित नोक्सानी व्यवस्था | २२ | १३,७७,००० | - |
| **सञ्चालन मुनाफा/(नोक्सानी)** | | **४२,६३,१२७** | **४२,०६,४६९** |
| गैर सञ्चालन आम्दानी | | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सानी)** | | **४२,६३,१२७** | **४२,०६,४६९** |
| असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | | | |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मूनाफा** | | **४२,६३,१२७** | **४२,०६,४६९** |
| कर्मचारी वोनस | | - | - |
| **कर अघिको नाफा (नोक्सान)** | | **४२,६३,१२७** | **४२,०६,४६९** |
| **आय कर खर्च** | | | |
| यस बर्षको कर व्यवस्था | | २,२४,४८२ | २,१०,३२३ |
| विगत बर्षसम्मको कर व्यवस्था | | - | - |
| यस बर्षको स्थगन कर आम्दानी/खर्च | | - | - |
| **यस बर्षको नाफा (नोक्सान)** | | **४०,३८,६४४** | **३९,९६,१४६** |

लेखा सम्बन्धी प्रमुख नीतिहरु २३

लेखा सम्बन्धी टिप्पणीहरु २४

अनुसूची १७ देखि २२ तथा २३ र २४ नाफा/(नोक्सान) हिसाब विवरणका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| गणेश बाबु श्रेष्ठ | काजीराम श्रेष्ठ | विशाल रानां मगर | शरद बाबु कट्टेल | सिए मिसन महत |
| व्यवस्थापक | सचिव | कोषाध्यक्ष | अध्यक्ष | एम. महत. एण्ड. एसोसियट्स |
| | | | | चार्टर्ड एकाउण्टेण्टस् |

M. Mahat & Associates, Kathmandu Nepal, Chartered Accountants

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

मिति:२०७८.०७.०७

स्थान:काठमाण्डौ

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

## नगद प्रवाह विवरण

मिति २०७७ साल श्रावण १ देखि २०७८ साल आषाढ मसान्त सम्म

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **सञ्चालन कार्यबाट नगद प्रवाह** | | |
| यस बर्षको नाफा (नोक्सान) हिसाव | ४०,३८,६४४ | ३९,९६,१४६ |
| जोड्ने : | | |
| ह्रासकट्टि | ३,४५,०२५ | ४,२८,०५६ |
| अपलेखन खर्च | - | (१,९०,६०१) |
| कर्जा नोक्सानी व्यवस्था | १३,७७,००० | - |
| कर व्यवस्था | २,२४,४८२ | २,१०,३२३ |
| न्यून: कर भुक्तानी | (२,१०,३२३) | (१,८६,१२५) |
| **गैर नगद खर्च अधिको नाफा/(नोक्सान)** | **५७,७४,८२८** | **४२,५७,७९९** |
| **सञ्चालन सम्पत्ति तथा दायित्वमा अएको फरक** | **(६२,९६,३३२)** | **१,२१,६९,५३३** |
| कर्जा तथा सापटिमा कमि/(बृद्धि) | (१,४८,७८,७०२) | (५५,१४,०१६) |
| अन्य सम्पत्तिमा कमि/(बृद्धि) | (७,५१,९३०) | (१७,१८,८९७) |
| निक्षेप दायित्वमा बृद्धि/(कमि) | ८४,५१,८७३ | १,९०,४६,४६५ |
| अन्य दायित्वमा बृद्धि/(कमि) | ८,८२,४२८ | ३,५५,९८१ |
| **सञ्चालन कार्यबाट नगद प्रवाह** | **(५,२१,५०४)** | **१,६४,२७,३३२** |
| **लगानीबाट नगद प्रवाह** | | |
| स्थीर सम्पत्तिमा कमि/(बृद्धि) | (१,१३,१३०) | (२१,६३९) |
| **लगानी कार्यबाट नगद प्रवाह** | **(१,१३,१३०)** | **(२१,६३९)** |
| **वित्तिय कारोबारबाट नगद प्रवाह** | | |
| शेयर पूँजीमा बृद्धि/(कमि) | ३४,६७,१०० | ६०,८०० |
| कोषमा कमि बृद्धि/(कमि) | (२४,३२,६५२) | २,००,००० |
| लाभांश भुक्तानी | (१४,६२,१७१) | - |
| **वित्तिय कारोबारबाट नगद प्रवाह** | **(४,२७,७२३)** | **२,६०,८००** |
| **यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **(१०,६२,३५७)** | **१,६६,६६,४९३** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६,९५,७०,३७६ | ५,२९,०३,८८३ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६,८५,०८,०१९** | **६,९५,७०,३७६** |

लेखा सम्बन्धी प्रमुख नीतिहरु २३, साथै लेखा सम्बन्धी टिप्पणीहरु २४

अनुसूची १७ देखि २३ तथा १४ र १५ नाफा/(नोक्सान) हिसाब विवरणका अभिन्न अंग हुन् ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा

| गणेश बाबु श्रेष्ठ | काजीराम श्रेष्ठ | विशाल राना मगर | शरद बाबु कट्टेल | सिए मिसन महत |
|---|---|---|---|---|
| व्यवस्थापक | सचिव | कोषाध्यक्ष | अध्यक्ष | एम. महत. एण्ड. एसोसियट्स |
| | | | | चार्टर्ड एकाउण्टेण्टस् |

मिति:२०७८.०७.०७

स्थान:काठमाण्डौ

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

## अनुसूचीहरु

**शेयर पूँजी** **अनुसूची - १**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| साधारण पूँजी | ३,७८,५५,९०० | ३,४३,८८,८०० |
| **जम्मा** | **३,७८,५५,९००** | **३,४३,८८,८००** |

**जगेडा तथा कोष** **अनुसूची - २**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| साधारण जगेडा कोष | ४०,६६,८४२ | ३०,५७,१८१ |
| संरक्षित पूँजी फिर्ता कोष | ११,६२,०९३ | १४,०४,८४८ |
| सहकारी प्रबर्द्धन कोष | ४३,२४२ | २८,०९७ |
| कर्मचारी बोनस कोष | २,४१,६४४ | २,२८,०४३ |
| घाटा पुर्ति कोष | १,१२,८३० | ७,२०,५९४ |
| सहकारी शिक्षा कोष | ४,३३,४२३ | ७,२०,५९४ |
| सहकारी विकास कोष | ४,३३,४२३ | ७,२०,५९४ |
| डुबन्ते ऋण कोष | ८,८६,६८९ | ७,७३,८६० |
| सामुदायिक विकास कोष | ३,२२,१५२ | २,०९,३२२ |
| स्थिरीकरण कोष | ३,२२,१५२ | २,०९,३२२ |
| अन्य जोखिम ब्यबस्थापन कोष | ३,२२,१५२ | २,०९,३२२ |
| कर्मचारी उपदान कोषको ब्यबस्था | ५,००,००० | २,००,००० |
| लाभांश कोष | १२,४४,२११ | १४,६५,२५६ |
| **जम्मा** | **१,००,९०,८५४** | **९९,४७,०३२** |

**बाह्य ऋण तथा सापटी** **अनुसूची - ३**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| | - | - |
| **जम्मा** | - | - |

**पूँजीगत अनुदान** **अनुसूची - ४**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| | - | |
| **जम्मा** | - | - |

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

M. Mahat & Associates Kathmandu Nepal Chartered Accountants

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

## अनुसूचीहरु

**बचत तथा निक्षेप** — **अनुसूची - ५**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| मुद्दति बचत | ४,८०,२४,१७३ | ४,५३,९१,४३९ |
| मासिक बचत | १,०५,८१,१४३ | ७३,२०,६८९ |
| साधारण बचत | ४,८९,११,१९८ | ५,५०,६८,०७५ |
| दैनिक बचत | ५४,९९,२३० | ६६,९२,१४१ |
| चल्ती खातामा बचत | ६,१६,३९५ | ७,४२,९७६ |
| बिशेष बचत | १,८३,८४,०७३ | १,६२,२२,८६४ |
| नारी बचत | २,५२,४२,६७२ | १,४४,३७,९०९ |
| बाल बचत | ३४,८६,७४९ | ३९,७७,०३३ |
| जेष्ठ नागरिक बचत | ६८,८५,४५८ | ९७,४६,६४९ |
| कर्मचारी बचत | १७,१६,३४२ | १३,१२,०४३ |
| भु. पु. सैनिक बचत | २९,२०६ | १२,९४८ |
| **जम्मा** | **१६,९३,७६,६३८** | **१६,०९,२४,७६६** |

**चालु दायित्व तथा व्यवस्था** — **अनुसूची - ६**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| भुक्तानी दिनुपर्ने व्याज | २,२९,५९२ | ३,६७,०७० |
| **श्रोतमा कर कट्टी** | **२४,०८,०४५** | **१३,८८,१३९** |
| क) ब्याजमा कर कट्टी | १,७१,६०४ | ४२,१३० |
| ख) घरभाडामा कर कट्टी | १७,२८४ | - |
| ग) लेखापरिक्षण शुल्कमा कर कट्टी | ९०० | ७५० |
| घ) बैठक भत्तामा कर कट्टी | २६,४०० | - |
| च) तलबमा कर कट्टी | १७,२९६ | - |
| लाभांशमा कर कट्टी | १,९९,१३८ | - |
| लेखापरिक्षण शुल्क दिनुपर्ने | ५९,१०० | ५५,७५० |
| नेफ्स्कुनलाई भुक्तानी दिन बाँकी | २,००,००० | ४,५०,००० |
| परिपक्व हुन बाँकी ब्याज | १४,७७,००९ | ८,३९,५०९ |
| प्रभु मनि ट्रान्सफर | ६१,९३४ | - |
| अन्य भुक्तानी दिन बाँकी खर्च | १,७७,३८० | - |
| **जम्मा** | **२६,३७,६३७** | **१७,५५,२०९** |

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

## अनुसूचीहरु

**कर दायित्य** — अनुसूची - ७

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| यस आ.ब.को कर व्यवस्था | २,२४,४८२ | २,१०,३२३ |
| **जम्मा** | **२,२४,४८२** | **२,१०,३२३** |

**दीर्घकालिन दायित्य** — अनुसूची - ८

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| | - | - |
| **जम्मा** | - | - |

**स्थगन कर दायित्व/सम्पत्ति** — अनुसूची - ९

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| | - | |
| **जम्मा** | - | - |

**नगद मौज्दात** — अनुसूची - १०

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| नगद मौज्दात | ७,५४,५२२ | १,८२,५९२ |
| सानो नगदी कोष | - | |
| **जम्मा** | **७,५४,५२२** | **१,८२,५९२** |

**बैंक मौज्दात** — अनुसूची - ११

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| सांग्रीला बिकास बैंक लि. | ४३,२१,७९६ | २,७८,१६,८४३ |
| एभरेष्ट बैंक लि. | ३०,९९,२७४ | १,९७,८१६ |
| प्रभु बैंक लि. | १,१४,४०,८५४ | २०,८६,०२१ |
| मेघा बैंक लि. | ३,७०,४६,५४२ | १,४७,४७,८३१ |
| आई.एम.ई सहकारी लि. | १,६८,८९६ | १,६३,२७४ |
| नबिल बैंक लि. | ४ | ८ |
| नेफ्स्कुन बचत | ७५,१८३ | ६०,३८६ |
| प्राइम बैंक लि. | ७०,२४,१४१ | १,२७,१३,६४४ |
| एन. आइ. सि. एसिया बैंक लि. | १९,९५,०५६ | १०,१४,८८० |
| मुक्तिनाथ बिकास बैंक | २५,८१,७५१ | १,०५,८७,०८१ |
| **जम्मा** | **६,७७,५३,४९७** | **६,९३,८७,७८४** |

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

## अनुसूचीहरु

**लगानी** **अनुसूची - १२**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| नेफ्स्कुन | १,१०,७०० | १,१०,७०० |
| **जम्मा** | **१,१०,७००** | **१,१०,७००** |

**कर्जा/सापटी लगानी** **अनुसूची - १३**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| कृषी, पर्यटन तथा घरेलु उद्योग ऋण लगानी | १८,०८,८५२ | २४,६७,५१४ |
| घरयासी ऋण लगानी | ७८,८६४ | १,९८,४७६ |
| हायर पर्चेज ऋण लगानी | २,६०,५१,१३९ | १,८२,३९,१४५ |
| किस्ताबन्दी ऋण लगानी | ३,५८,२५,८५९ | ३,४३,८३,७६२ |
| ब्यापारिक ऋण लगानी | ५३,२४,८८१ | ९०,२६,९९५ |
| मुद्दती बचतमा ऋण लगानी | ११,६०,००० | ८,७०,००० |
| सामुहिक बचतमा ऋण लगानी | १,४१,६०,००० | १,५८,००,००० |
| अल्पकालीन ऋण | ६,३३,७५,००० | ५,१९,२०,००० |
| **जम्मा कर्जा** | **१४,७७,८४,५९५** | **१३,२९,०५,८९३** |

**चालु सम्पत्ति** **अनुसूची - १४**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| धरौटी | | |
| (क) प्रभु मनि ट्रान्सफर | ३,००,००० | ३,००,००० |
| (ख) आई एम ई | २,००,००० | २,००,००० |
| (ग) टेलिफोन धरौटी | ६,००० | ६,००० |
| अन्य पाउनु पर्ने रकम | ६०,७३१ | - |
| अग्रिम भुक्तानी, इन्स्योरेन्स | २१,७६३ | - |
| अग्रिम कर | ७,७२,१७० | ६,७४,३२४ |
| आई. एम. ई रेमिट | १८,६०४ | ७,७८,४७३ |
| सिटी एक्सप्रेस मनि ट्रान्सफर | ३,२३,४३२ | १,३१,७०३ |
| प्रभु मनि ट्रान्सफर | - | २,६३,६४७ |
| रिलायबल रेमिट | १,१९,८१५ | २७,१८० |
| वेस्टर्न युनियन मनि ट्रान्सफर | ६,७२,०२७ | ५,८४१ |
| हिमाल रेमिट | ९०,१४३ | - |
| उठ्न बाँकी ब्याज | १४,६८,९२९ | ८,४६,४२७ |
| वेस्ट रेमिट | - | ३०,८६९ |
| आई. एम. ई पे | ५,५४२ | ३४,७६४ |
| मुक्तिनाथ रेमिट | - | ८,००० |
| **जम्मा** | **४०,५९,१५८** | **३३,०७,२२८** |

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD.
SGSCC

M. Mahat & Associates
Chartered Accountants
Kathmandu
Nepal

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

**स्थीर सम्पत्ति** **अनुसूची - १५**

| समुह | क | ख | ग | घ | ङ | जम्मा |
|---|---|---|---|---|---|---|
| सम्पत्ति | लिजहोल्ड सम्पत्ति | फर्निचर तथा कार्यालय उपकरण | परिवहन साधन | अन्य सम्पत्ति | सफ्टवेयर/ लिजहोल्ड | |
| यस बर्षको शुरु मौज्दात | - | १२,४५,९८४ | - | ११,९३२ | ७४,०१७ | १३,३१,९३३ |
| **यस बर्ष थप** | | | | | | |
| पौष मसान्तसम्म | - | ५५,५०० | - | २९,३८० | - | ८४,८८० |
| चैत्र मसान्तसम्म | - | - | - | - | - | - |
| आषाढ मसान्तसम्म | - | २८,२५० | - | - | - | २८,२५० |
| **जम्मा थप** | - | ८३,७५० | - | २९,३८० | - | १,१३,१३० |
| ह्रासकट्टि आधारमा समावेश गरिएको सम्पत्ति | - | ६४,९१७ | - | २९,३८० | - | ९४,२९७ |
| ह्रासकट्टि सम्पत्तिको निसर्ग | - | - | - | - | - | - |
| **ह्रासकट्टि आधार** | - | १३,१०,९०१ | - | ४१,३१२ | ७४,०१७ | १४,२६,२३० |
| ह्रासकट्टि दर | ५% | २५% | २०% | १५% | १५% | |
| **ह्रासकट्टि रकम रु.** | - | ३,२७,७२५ | - | ६,१९७ | ११,१०३ | ३,४५,०२५ |
| ह्रासकट्टि पछिको मौज्दात | - | ९,८३,१७६ | - | ३५,११५ | ६२,९१५ | १०,८१,२०६ |
| ह्रासकट्टि आधारमा समावेश नगरिएको सम्पत्ति | - | १८,८३३ | - | - | - | १८,८३३ |
| **आगामी बर्षको शुरु मौज्दात** | - | १०,०२,००९ | - | ३५,११५ | ६२,९१५ | ११,००,०३९ |

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

M. Mahat & Associates Kathmandu Nepal Chartered Accountants

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

## अनुसूचीहरु

**अन्य दीर्घकालिन सम्पत्ति** — अनुसूची - १६

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| | - | - |
| **जम्मा** | - | - |

**ब्याज आम्दानी** — अनुसूची - १७

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| बैंकको व्याज आम्दानी | ११,११,७९४ | १६,३३,५८९ |
| कर्जामा व्याज आम्दानी | १,९७,१८,५२९ | १,७५,६६,९३९ |
| **जम्मा** | **२,०८,३०,३२३** | **१,९२,००,५२८** |

**ब्याज खर्च** — अनुसूची - १८

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| बाह्य ऋणमा व्याज खर्च | - | - |
| निक्षेपमा व्याज खर्च | १,२२,५४,९५८ | १,१६,०६,०१२ |
| **जम्मा** | **१,२२,५४,९५८** | **१,१६,०६,०१२** |

**अन्य सञ्चालन आम्दानी** — अनुसूची - १९

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| सदस्यता शुल्क | ६,७०,१०० | ५,००० |
| व्यवस्थापन शुल्क | ५,८६,१७९ | ४,११,९६० |
| हर्जना | - | २१,४९१ |
| निबेदन दस्तुर | ६,६५० | १०,५५५ |
| विप्रेषण कमिशन | ९,४४,१५२ | १०,८८,४०३ |
| ई-बैंकिङ शुल्क | ३०० | १,६०० |
| खाता बन्दि शुल्क | २,१०० | - |
| अन्य आम्दानी | ४१,३२९ | ७०,७७२ |
| धितो मुल्याङकन आम्दानी | ३६,००० | - |
| **जम्मा** | **२२,८६,८१०** | **१६,०९,७८०** |

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

आ.व. २०७७/७८

## अनुसूचीहरु

**कर्मचारी खर्च** **अनुसूची - २०**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| तलब भत्ता | १३,८०,३५२ | १४,६४,६७४ |
| दशैं भत्ता | १,०६,०२९ | - |
| **जम्मा** | **१४,८६,३८१** | **१४,६४,६७४** |

**प्रशासकिय खर्च** **अनुसूची - २१**

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| घर भाडा | ५,१८,५१९ | ४,६६,६६७ |
| छपाई तथा मसलन्द | १,०४,१३१ | १,२४,०६९ |
| मर्मत तथा सम्भार खर्च | १३,२४४ | १७,९६१ |
| ब्याज खर्च | १,१७,९६१ | - |
| लेखापरिक्षण शुल्क | ६०,००० | ५६,५०० |
| अतिथि सत्कार | ४४,७७४ | ३९,२४० |
| संचार खर्च | २७,८९४ | ३७,०७४ |
| बिजुली तथा पानी खर्च | ४०,४४४ | ३८,१९२ |
| चिया तथा खाजा खर्च | ९५,८४१ | १,००,९४६ |
| बार्षिक सफ्टवयर सेवा शुल्क | ४७,४६० | - |
| साधारण सभा खर्च | ६,२१,७८० | ८,०४,७३५ |
| बिमा खर्च | ३०२ | २५,६९५ |
| पोशाक खर्च | ६०,००० | ५३,००० |
| उद्यमशिलता कार्यक्रम | - | २०,५६० |
| बैठक भत्ता खर्च | ३,३४,००० | १,७८,००० |
| अबलोकन खर्च | २,००,००० | - |
| नबिकरण खर्च | - | ५०,४६९ |
| तालिम खर्च | ६२,२२० | - |
| कर्मचारी संचयकोष खर्च | १,२७,२३५ | १,२५,२३१ |
| स्थापना दिवस कार्यक्रम खर्च | ३४,९२० | ६२,०८३ |
| कार्यालय संचालन खर्च | ७८,२८० | ४९,५२५ |
| ब्याजमा छुट कोभिड १९ को कारण | २,४१,८९२ | ६,५३,३९६ |
| कर्मचारी उपदान कोष | ३,००,००० | २,००,००० |
| अन्य खर्च | २,५९,७४५ | १,७५५ |
| **जम्मा** | **३३,९०,६४३** | **३१,०५,०९८** |

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

## नाफा नोक्सान बाँडफाँड हिसाब

मिति २०७७ साल श्रावण १ देखि २०७८ साल आषाढ मसान्त सम्म

| विवरण | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **आम्दानी** | | |
| गत बर्षको सञ्चित नाफा (नोक्सान) | ०.०० | - |
| यस बर्षको नाफा (नोक्सान) | ४०,३८,६४४ | ३९,९६,१४६ |
| **कुल नाफा (नोक्सान)** | **४०,३८,६४४** | **३९,९६,१४६** |
| **खर्च** | | |
| साधारण जगेडा कोष (२५%) | १०,०९,६६१ | ९,९९,०३६ |
| **साधारण जगेडा कोष पछि बाँकी रकम** | **३०,२८,९८३** | **२९,९७,१०९** |
| संरक्षित पूँजी फिर्ता कोष (२५%) | ७,५७,२४६ | ७,४९,२७७ |
| सहकारी प्रबर्द्धन कोष (०.५%) | १५,१४५ | १४,९८६ |
| **संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रबर्द्धन कोष बाँडफाड पछि बाँकी रकम** | **२२,५६,५९३** | **२२,३२,८४६** |
| कर्मचारी बोनस कोष (१०%) | २,२५,६५९ | २,२३,२८५ |
| घाटा पुर्ति कोष (५%) | १,१२,८३० | २,२३,२८५ |
| सहकारी शिक्षा कोष (५%) | १,१२,८३० | २,२३,२८५ |
| सहकारी विकास कोष (५%) | १,१२,८३० | २,२३,२८५ |
| सामुदायिक विकास कोष (५%) | १,१२,८३० | १,११,६४२ |
| डुबन्ते ऋण कोष (५%) | १,१२,८३० | २,२३,२८५ |
| स्थिरीकरण कोष (५%) | १,१२,८३० | १,११,६४२ |
| अन्य जोखिम ब्यबस्थापन कोष (५%) | १,१२,८३० | १,११,६४२ |
| लाभांश कोष (५५%) | १२,४१,१२६ | ७,८१,४९६ |
| **जम्मा खर्च** | **४०,३८,६४४** | **३९,९६,१४६** |
| **यस बर्षको सञ्चित मुनाफा** | **०.००** | **०.००** |

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरमटारी, गोरखा

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

मिति २०७७ साल श्रावण १ देखि २०७८ साल आषाढ मसान्त सम्म

| विवरण | शुरु मौज्दात | यस आ.ब.को थप/(घट) | यस आ.ब.को व्यवस्था | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| **शेयर पूँजी** | ३,४३,८८,८०० | ३४,६७,१०० | – | ३,७८,५५,९०० |
| **सञ्चित नाफा नोक्सान** | – | – | ० | ० |
| साधारण जगेडा कोष | ३०,५७,१८१ | - | १०,०९,६६१ | ४०,६६,८४२ |
| लाभांश कोष | १४,६५,२५६ | (१४,६२,१७१) | १२,४१,१२६ | १२,४४,२११ |
| संरक्षित पूँजी फिर्ता कोष | १४,०४,८४८ | (१०,००,०००) | ७,५७,२४६ | ११,६२,०९३ |
| सहकारी प्रबर्द्धन कोष | २८,०९७ | – | १५,१४५ | ४३,२४२ |
| कर्मचारी बोनस कोष | २,२८,०४३ | (२,१२,०५९) | २,२५,६५९ | २,४१,६४४ |
| घाटा पुर्ति कोष | ७,२०,५९४ | (७,२०,५९४) | १,१२,८३० | १,१२,८३० |
| सहकारी शिक्षा कोष | ७,२०,५९४ | (४,००,०००) | १,१२,८३० | ४,३३,४२३ |
| सहकारी विकास कोष | ७,२०,५९४ | (४,००,०००) | १,१२,८३० | ४,३३,४२३ |
| डुबन्ते ऋण कोष | ७,७३,८६० | – | १,१२,८३० | ८,८६,६८९ |
| अन्य जोखिम ब्यबस्थापन कोष | २,०९,३२२ | – | १,१२,८३० | ३,२२,१५२ |
| स्थिरीकरण कोष | २,०९,३२२ | – | १,१२,८३० | ३,२२,१५२ |
| सामुदायिक विकास कोष | २,०९,३२२ | – | १,१२,८३० | ३,२२,१५२ |
| कर्मचारी उपदान कोष | २,००,००० | ३,००,००० | – | ५,००,००० |
| कर्जा नोक्सानी व्यवस्था | – | १३,७७,००० | – | १३,७७,००० |
| **कुल रकम** | ९९,४७,०३२ | ९,४९,२७७ | ४०,३८,६४४ | १,१४,६७,८५४ |

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

हरमटारी, गोरखा

आ.ब. २०७७/७८

अनुसुची २३

**लेखा सम्बन्धी प्रमुख नीतिहरु :**

यस श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको आर्थिक विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त, अन्य प्रचलित लेखामान र सहकारी ऐन, २०७४ अनुसार तयार गरिएका छन् । यस संस्थाले अवलम्बन गरेका प्रमुख लेखा नीतिहरु यस प्रकार रहेका छन् ।

१. **वित्तिय विवरण तयारीका आधारहरु:**
यस संस्थाको आर्थिक विवरणहरु लेखाको सामान्य सिद्धान्त, निरन्तरताको सिद्धान्त, सहकारी विभागको नीति निर्देशन, बचत तथा ऋणमा प्रचलित लेखा नीति, सहकारी ऐन २०७४, तथा नेपाल लेखा मापदण्डको अधिनमा रही तयार गरिएको छ ।

२. **स्थिर सम्पत्ति लेखाङ्कन नीति:**
स्थिर सम्पत्तिहरुलाई ऐतिहासिक लागत अवधारणाको आधारमा लेखाङ्कन गर्ने नीति अवलम्बन गरिएको छ ।

३. **ह्रासकट्टि नीति**
स्थिर सम्पत्तिको ह्रास कट्टी घट्दो मूल्य प्रणाली (WDV) को आधारमा आयकर ऐन, २०५८ ले तोकेको दर अनुसार गरिएको छ ।

४. **पुँजीगत अनुदान**
संस्थाले पुँजीगत अनुदानलाई बिलम्बित आय (Deferred Income) को आधारमा प्रत्येक वर्ष आयमा गणना गर्ने नीति संस्थाको रहेको छ ।

५. **साधारण जगेडा कोष**
प्रत्येक आ.ब.मा कर पछिको नाफा मध्ये २५ प्रतिशत साधारण जगेडा कोषमा रकमान्तर गरिने नीति लिइएको छ ।

६. **सहकारी प्रबर्द्धन कोष**
प्रत्येक आ.ब.मा साधारण जगेडा कोषमा रकमान्तर गरिएपछिको नाफा मध्ये ०.५ प्रतिशत सहकारी प्रबर्द्धन कोषमा रकमान्तर गरिने नीति लिइएको छ ।

७. **संरक्षित पुंजी फिर्ता कोष**
प्रत्येक आ.ब.मा साधारण जगेडा कोषमा रकमान्तर गरिएपछिको नाफा मध्ये २५ प्रतिशत संरक्षित पुंजी फिर्ता कोषमा रकमान्तर गरिने नीति लिइएको छ ।

८. **अन्य कोषहरु**
सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले व्यवस्था गरे बमोजिमका अन्य कोषहरु छुट्याउने संस्थाको नीति रहेको छ ।

९. **लगानी सम्बन्धि नीति**
संस्थाले शेयरमा गरेको लगानीलाई लागत आधारमा लेखाङ्कन गर्ने नीति लिएको छ ।

१०. **कर्जा नोक्सानी व्यवस्था**
कर्जाका वर्गिकण अनुसार असल, कमशल र खराब कर्जामा क्रमश: १, ३५ र शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने नीति संस्थाले लिएको छ ।

११. **आयकर व्यवस्था नीति**
संस्थाले प्रचलित आयकर ऐन २०५८ तथा नियमावली बमोजिम कर योग्य आयको गणना गरी सोही बमोजिम आयकर व्यवस्था गर्ने नीति लिएको छ ।

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

Mahat & Associates Kathmandu Nepal Chartered Accountants

**१२. आम्दानी/खर्च लेखाङ्कन गर्ने नीति**

(क) निक्षेपमा दिईने र कर्जामा लिईने ब्याज ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।

(ख) निक्षेप दायित्व तथा संस्थाले लिएको सापटी ब्याज पाकेका आधारमा लेखाङ्कन गर्ने र सम्झौतामा तोकिएबमोजिम भुक्तानी गर्ने गरिएको छ ।

(ग) कर्जा, सापटीबाट प्राप्त हुने ब्याज नगद प्राप्तिका आधारमा लेखाङ्कन गर्ने नीति अपनाईएको छ ।

(घ) संस्थाले लगानी गरेको कर्जा कारोबारका क्रममा प्राप्त व्यवस्थापन शुल्क, सदस्यताबापत प्राप्त प्रवेश शुल्क, विप्रेषण (रेमिट्यान्स) कमिसन बापत प्राप्त रकमहरु तथा अन्य आम्दानी, प्राप्त भएका आधारमा सम्बन्धित आर्थिक वर्षको हिसाबले आम्दानी जनाउने गरिएको छ ।

(ङ) बर्षान्तमा असुल हुन बाँकी कर्जाको ब्याजलाई आम्दानीमा लेखाङ्कन नगरि उक्त ब्याज रकमलाई ब्याज मुल्तविमा राख्ने नीति अपनाइएको छ ।

SHREE SIDDI GANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

## लेखा सम्बन्धी टिप्पणीहरु :

**१. संस्थाको परिचय**

यस श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि., गोरखा नगरपालिका वडा नं. ६, हमरटारी, गोरखा, सहकारी ऐन २०४८ बमोजिम दर्ता नं ५११/०६७-६८ सहित डिभिजन सहकारी कार्यलय, दमौली, तनहुँमा मिती २०६७/१०/२६ मा दर्ता भएको हो। यस संस्थाको रजिष्टर्ड कार्यालय गोनपा-६, हरमटारी, गोरखामा रहेको छ । यस संस्थाको मुख्य क्रियाकलापमा सदस्यहरुसँग बचत तथा ऋणको कारोवार गर्ने रहेको छ। यस संस्थाको कार्यक्षेत्र गोरखा नगरपालिका रहेको छ।

**२. संचालक समितिको विवरण**

यस संस्थाको संचालक समितिमा हाल निम्न सदस्यहरु रहेको छन्।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | शरद बाबु कट्टेल | अध्यक्ष |
| २ | श्रवण कुमार जोशी | उपाध्यक्ष |
| ३ | काजीराम श्रेष्ठ | सचिव |
| ४ | विशाल राना मगर | कोषाध्यक्ष |
| ५ | ज्ञानहरी अर्याल | सदस्य |
| ६ | भोला प्रसाद मरहट्टा | सदस्य |
| ७ | बसन्त बस्नेत | सदस्य |
| ८ | नारायण खत्री | सदस्य |
| ९ | गोकर्ण राना मगर | सदस्य |

**३. लेखा समितिको विवरण**

संस्थाको लेखा समितिको सदस्यहरु यस प्रकार रहेका छन् ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | कृष्ण कुमार श्रेष्ठ | संयोजक |
| २ | जगन सिं गुरुङ | सदस्य |
| ३ | मनकाजी श्रेष्ठ | सदस्य |

**४. वित्तीय विवरणले समेटेको अबधि**

प्रस्तुत वित्तीय विवरणले समेटेको कारोबार मिति १ श्रावण, २०७७ देखि ३१ अषाढ, २०७८ सम्मको अवधीको रहेको छ ।

**५. वित्तिय विवरण तयारीका आधारहरु:**

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. ले आर्थिक विवरणहरु लेखाको सामान्य सिद्धान्त, निरन्तरताको सिद्धान्त, सहकारी विभागको नीति निर्देशन, बचत तथा ऋणमा प्रचलित लेखा नीति, सहकारी ऐन २०७४, तथा नेपाल लेखामापदण्डको अधिनमा रही तयार गरिएको छ ।

**६. स्थिर सम्पत्ति**

संस्थाले यस आ.ब.मा जम्मा रु १,१३,१३०।- को स्थिर सम्पत्ति थप गरेको छ ।

**७. ह्रासकट्टि**

संस्थाले यस आ.व.मा ह्रासकट्टि वापत रु. ३,४५,०२५।- व्यवस्था गरेको छ ।

**८. साधारण जगेडा कोष**

यस आ.व.को नाफाबाट साधारण जगेडा कोषमा रु. १०,०९,६६१।- रकम रकमान्तर गरिएको छ ।

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

SHREE SIDDIGANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

**९. संरक्षित पूँजी फिर्ता कोष तथा सहकारी प्रबर्द्धन कोष**

यस आ.व.मा सहकारी ऐन २०७४ को व्यवस्था अनुसार साधारण जगेडा कोषमा रकमान्तर पछि बाँकी रहेको रकमको २५ प्रतिशतले हुने रकम रु ७,५७,२४६।- संरक्षित पूँजी फिर्ता कोषमा र ०.५ प्रतिशत रकम रु. १५,१४५।- सहकारी प्रबर्द्धन कोषमा रकमान्तर गरिएको छ ।

**१०. शेयर लाभांश कोष**

यस आ.ब.को नाफाबाट साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रबर्द्धन कोष व्यवस्था गरिसके पछिको रकमको ५५ प्रतिशतले हुने रकम रु १२,४१,१२६।- शेयर लाभांश कोष व्यवस्था गरिएको छ ।

**११. कर्मचारी बोनस कोष**

यस वर्षको नाफाबाट आवश्यक कोषहरु छुट्याईसकेपछिको रकमको १० प्रतिशतले हुने रकम रु. २,२५,६५९।- कर्मचारी बोनस कोषमा रकमान्तर गरिएको छ ।

**१२. लाभांश वितरण**

यस आ.ब.मा लाभांश कोष, सहकारी विकास कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी शिक्षा कोष र घाटा पूर्ति कोषबाट गरी रु. ३९,८२,७६४।- लाभांशका रुपमा शेयर सदस्यहरुलाई वितरण गरिएको छ । सो वितरणमा आय कर ऐन अनुसार करकट्टी गरी राजश्व समेत दाखिला गरिएको छ ।

**१३. कर्जा नोक्सानी व्यवस्था**

संस्थाले यस आ.व. मा रु. १३,७७,०००।- मात्र कर्जा नोक्सानी कोषको व्यवस्था गरिएको छ ।

**१४. गैर बैंकिङ सम्पत्ति**

संस्थाले कुनै गैर बैंकिङ सम्पत्ति सकार गरेको छैन।

**१५. ब्याज आम्दानी**

यस आ.व. मा संस्थाद्वारा कर्जा लगानी मार्फत रु. १,९७,१८,५२९।- ब्याज आम्दानी गरेको छ भने बैंक तथा वित्तिय संस्थाको बचतमा रु.११,११,७९४।- ब्याज आम्दानी गरेको छ ।

**१६. ब्याज खर्च**

यस आ.व. मा संस्थाले सदस्यको निक्षेपमा रु.१,२२,५४,९५८।- ब्याज भुक्तानी गरेको छ भने मुद्धति बचतमा लिएको ऋणमा रु १,१७,९६१।- ब्याज भुक्तानी गरेको छ ।

**१७. आयकर व्यवस्था नीति**

संस्थाले प्रचलित आयकर ऐन २०५८ तथा नियमावली बमोजिम कर योग्य आयको गणना गरी सोही बमोजिम आयकर व्यवस्था गर्ने नीति लिएको छ र अन्तिम कर निर्धारण हुँदा सो व्यवस्था रकम भिन्न भएमा सोहि अनुरुप सम्बन्धित वर्षमा आवश्यक समायोजन गरिने छ । यस आ.ब मा रु.२,२४,४८२।- आयकर बापत व्यवस्था गरिएको छ ।

**१८. ब्याज मुल्तवि हिसाब**

संस्थाको यस आ.व.मा पाउनु पर्ने ब्याज रकम रु. १४,६८,९२९।- रहेको छ र सोही बरावरको रकमलाई ब्याज मुल्तवि खातामा लेखाङ्कन गरिएको छ ।

**१९. स्थगन कर**

करको आधार र विवरणका रकममा कुनै अस्थायी फरक नभएकोले कुनै स्थगन कर सम्पत्ति तथा स्थगन कर दायित्व श्रृजना भएको छैन ।

२०. गत वर्षका रकम तथा शिर्षकहरुलाई आवश्यकता अनुसार पुनवर्गिकरण र पुनः तालिकिकरण गरिएको छ ।

M. Mahat & Associates Chartered Accountants Kathmandu Nepal

SHREE SIDDIGANESH SAVING & CREDIT CO-OPERATIVE LTD. SGSCC

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को एघारौं बार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समिति संयोजक श्री कृष्ण कुमार श्रेष्ठबाट प्रस्तुत प्रतिवेदन**

***२०७८ कात्तिक १३ गते***

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. का आदरणीय अध्यक्ष ज्यू, संस्थाका पदाधिकारी एंव सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एंव सदस्यज्यूहरु साथै सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुमा हामी लेखा सुपरीवेक्षण समितिको तर्फबाट न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. एघारौं बर्षसम्म आईपुग्दा संस्थाको उद्येश्य, लक्ष्य र परिकल्पना अनुसार हालसम्मको दौरानमा मुर्त रुप लिन सफल भएको छ । यो बर्ष विश्वभर फैलिएको कोरोना भाईरसको कारणले नेपालमा लकडाउन भई केही महिना सबै व्यापार व्यवसाय र आर्थिक कारोबार पनि ठप्प भएको यहाँहरुलाई अवगतै छ । यस्तो कठीन परिस्थितिमा पनि संस्थाले विभिन्न सदस्यहितका लागी योजना ल्याई सहकारी संचालन गर्नु सह्रानिय पक्ष रहेको छ । हाल १३०५ जना शेयर सदस्य रहेको यस संस्थाले सहकारीको मुल्य र मान्यतालाई आत्मासाथ गरी प्रतिस्पर्धात्मक परिवेशमा पनि सबल र सक्षम सहकारी संस्था बन्न सफल भएको छ । संस्थामा कार्यरत ६ जना कर्मचारीहरुको सहयोगबाट संचालित यस संस्थाले गरेको प्रगतिलाई आन्तरिक रुपमा लेखापरिक्षण गर्दा, संस्थाको सम्पूर्ण लेखालाई दृष्टिगत गर्दा संस्था उन्नति र प्रगति तर्फ उन्मुख भएको पाईएको छ । यस संस्थाले राखेको हरहिसाब, गरेको आम्दानी खर्च चुस्त-दुरुस्त राखेको पाईएको छ ।

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. ले लिएको लक्ष्य र परिकल्पना अनुसार आ.व. २०७७/७८ को प्रगति तथा संस्थागत आर्थिक विकासको आन्तरिक मुल्यांकन बुँदागत रुपमा शेयर सदस्यहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. संस्थाको स्थिर सम्पत्तिको विवरण सम्पूर्ण रुपमा दुरुस्त अभिलेख राखिएको छ । विभिन्न शिर्षकबाट संकलित बचत तथा निक्षेप संकलनको ऋण प्रवाह सन्तुलित रुपमा पाईएको छ ।

२. ऋण लगानीबाट प्राप्त व्याज नै संस्थाको मुख्य आयश्रोत भएको हुँदा व्याज चुक्ता र ऋण असुलीमा विषेश ध्यान दिईएको छ । यो बर्ष संस्थाले विगतका बर्षहरुमा जस्तै ऋणको सबै सावाँ व्याज असुल उपर गर्न सकेको देखिएन । तर महामारीको बेला व्याज छुट प्रदान गरेर पनि सावाँ तथा व्याज असुल गर्नको लागी संस्थाले चालेको कदम प्रशंसनीय देखिन्छ ।

३. संस्थाबाट ऋण प्रवाह गर्दा ऋण तथा मुल्यांकन उपसमितिहरुले संस्थाको निति नियम अनुरुप ईमान्दारिताका साथ ऋण लगानी गरिएको छ ।

४. संस्थाबाट संचालित दैनिक बचत, मासिक बचत र निक्षेप संकलन सन्तोषजनक छ ।

५. संस्थाका पदाधिकारी एवं सदस्यज्यूहरु र कर्मचारी वर्गहरुले संस्थाको आर्थिक विकासको लागी गरिएको प्रयास प्रशंसनीय छ ।

६. विभिन्न समयमा संस्थाको नगद ढुकुटी (भल्ट) चेकजाँच गर्दा Cash Denomination सहित नगद मौज्दात ठीक अवस्थामा भएको पाईएको छ ।

आदरणीय सेयरधनी सदस्य महानुभावहरु,

आ.व. २०७८/७९ मा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. लाई गत बर्षहरु भन्दा अझ उचाईमा लानको लागी नयाँ कार्यसमितिका अध्यक्षज्यू, पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, कर्मचारी वर्गहरु र सम्पूर्ण सेयरधनी सदस्यज्यूहरुले आ–आफ्नो स्थानबाट सहयोग पुऱ्याउनु हुनेछ भन्ने पुर्ण विश्वास व्यक्त गर्दछु । साथै आगामी दिनहरुमा पनि अझै प्रगतिका पथहरुमा अघि बढ्न सकुन् भन्दै केही सुझावहरु राख्न चाहन्छु ।

१) संस्थाबाट लिएको ऋणको किस्ता केही ऋणीबाट नियमित नभएको देखिएकोले यथाशिघ्र किस्ता चुक्ताको लागी कडाई गर्नुपर्ने देखिन्छ ।

२) संस्थाबाट लिएको ऋण केही ऋणीबाट भाखा नाघेको देखिएकोले ऋणीहरुले आ–आफ्नो ऋण यथाशिघ्र समयमा नै चुक्ता गर्नु पर्ने देखिन्छ । अन्यथा कानुनी प्रक्रियाबाट असुल उपर गर्नुपर्ने देखिन्छ ।

३) कर्जा प्रवाहबाट प्राप्त व्याज र सावाँलाई नियमित गरीराख्नका लागी कर्मचारी वर्ग चनाखो भईराख्नु पर्नेछ ।

४) संस्थाको मूनाफा बृद्धि गर्नको लागी नयाँ ऋण शिर्षकहरु र असल ऋणीको पहिचान गरी ऋण प्रवाहमा बिषेश जोड दिनु पर्नेछ ।

५) ऋण, ब्याज तथा किस्ता असुली कार्यको लागी ऋणीलाई नियमित जानकारी गराईराख्नु पर्नेछ ।

६) खराब कर्जा हुन नदिनको लागी सदा झैं संचालक र कर्मचारी चनाखो भईराख्नु पर्नेछ ।

७) सहकारीको निति, नियम र मुल्य मान्यताको सिदान्त बमोजिम ऋण निति बनाएर ऋण प्रवाह गर्नु पर्ने देखिन्छ ।

आदरणीय सेयरधनी सदस्यज्यूहरु,

माथिका केही सुझावहरु सगै संस्थाले अबलम्बन गरेको निति नियममा रही सम्पूर्ण सेयरधनी सदस्यज्यूहरुले संस्थाको आर्थिक विकासमा आगामी दिनमा पनि आ–आफ्नो स्थानबाट सक्दो सहयोग पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिदै यस लेखा सुपरीवेक्षण समितिको सदस्यमा रही कार्य सम्पादनमा साथ दिनुहुने श्री मनकाजी श्रेष्ठ र श्री जगन सिं गुरुङ ज्यू, संचालक समिति, संस्थाका प्रबन्धक लगायत कर्मचारी वर्गलाई धन्यवाद दिदै बिदा लिन चाहन्छु ।

धन्यवाद ! जय सहकारी ।

कृष्ण कुमार श्रेष्ठ
संयोजक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## हरमटारी, गोरखा।

### एघारौं बार्षिक साधारण सभामा ऋण उपसमिति संयोजक ज्ञानहरी अर्यालबाट प्रस्तुत प्रतिवेदन

*२०७८ कात्तिक १३ गते*

आदरणीय अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, विभिन्न उपसमितिका संयोजकज्यूहरु, कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, अन्य उपसमितिका सदस्यज्यूहरु तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरु, संस्थाको तेश्रो अधिवेशनबाट मलाई संचालक समितिको सदस्यमा निर्विरोध निर्वाचित गराउनु भएकोमा आभार व्यक्त गर्न चाहन्छु । साथै संचालक समितिको निर्णयबाट ऋण उप समितिको संयोजक पदको जिम्मेवारी प्रदान गर्नु भएकोमा संचालक समितिलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । संस्थाको आम्दानीको प्रमुख श्रोत लगानीबाट प्राप्त व्याजलाई अधिक बनाउन र लगानीलाई सुरक्षितका साथै शंकास्पद ऋण न्यून बनाउनको लागि हाम्रो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म ऋण लगानीलाई चुस्त दुरुस्त बनाउन प्रयासरत रहेको व्यहोरा अवगत गराउँदछौं । सदस्यहरुबाट विभिन्न समयमा ऋण माग भई आएका फाईलहरुलाई सकभर छिटो र छरितोसंग निर्णय गराउन सफल रहेका छौं । यस बर्षको विषम परिस्थितिका बाबजुद पनि यस उप समितिको १२ पटक बैठक बसी आवश्यक प्रक्रिया पुरा गरी आएका फाईलहरुमा लगानी गरी रु. १,९७,१८,५२९ लगानीबाट आम्दानी गर्न सफल भएका छौं ।

सेयर सदस्यहरुको माग अनुसार विगतका आर्थिक बर्षहरुमा भन्दा यस आ.व. मा कर्जा लगानीलाई प्रभावकारी बनाई बृद्धि गरेका छौं । साथै आगामी आ.व. मा पनि आवश्यकता अनुसार हाम्रा शेयर सदस्यहरुमाझ नयाँ लगानी नितिहरु ल्याउने लक्ष्य राखेका छौं । आगामी बर्षहरुमा पनि अझै प्रभावकारी रुपमा लगानी लाई विस्तार गर्न विभिन्न रणनीति बनाई कार्यान्वयन गर्ने लक्ष्य राखेका छौं ।

यस आ.ब. मा गत आ.ब. को तुलनामा ११.१५ प्रतिशत ऋण लगानीमा बृद्धि भएको जानकारी गराउँदै आगामी दिनमा कर्जाका विभिन्न शीर्षकहरुमा सदस्यहरुलाई ऋण लगानी गरी लगानी बढाउने प्रयास रहनेछ । विभिन्न समयमा सदस्यहरुले ऋण माग गर्नु भएता पनि विविध कारणबश सबै सदस्यहरुको मागलाई सम्बोधन गर्न नसकिएकोमा संस्थागत हितको लागि त्यस्ता निर्णय गर्नु परेको भनी बुझिदिनु हुनेछ भन्ने पुर्ण विश्वासका साथ शेयर सदस्यज्यूहरुले पनि आ–आफ्नो तर्फबाट संस्थालाई अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

आ.व. २०७७/७८ मा विभिन्न कर्जा शीर्षकहरुमा लगानी भएको र असुली भएको कर्जाको विवरण यस प्रकार रहेको जानकारी गराउन चाहन्छु ।

**लगानी विवरण :**

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | कृषी, पर्यटन तथा घरेलु उद्योग ऋण लगानी | १८,०८,८५२ | २४,६७,५१४ | (६,५८,६६२) | (२६.६९) |
| २ | घरयासी ऋण लगानी | ७८,८६४ | १,९८,४७६ | (१,१९,६१२) | (६०.२७) |
| ३ | हायर पर्चेज ऋण लगानी | २,६०,५१,१३९ | १,८२,३९,१४५ | ७८,११,९९४ | ४२.८३ |
| ४ | किस्ताबन्दी ऋण लगानी | ३,५८,२५,८५९ | ३,४३,८३,७६२ | १४,४२,०९७ | ४.१९ |
| ५ | ब्यापारिक ऋण लगानी | ५३,२४,८८१ | ९०,२६,९९५ | (३७,०२,११४) | (४१.०१) |
| ६ | मुद्दती बचतमा ऋण लगानी | ११,६०,००० | ८,७०,००० | २,९०,००० | ३३.३३ |
| ७ | सामुहिक जमानी ऋण लगानी | १,४१,६०,००० | १,५८,००,००० | (१६,४०,०००) | (१०.३८) |
| ८ | अल्पकालीन ऋण | ६,३३,७५,००० | ५,१९,२०,००० | १,१४,५५,००० | २२.०६ |
| **जम्मा** | | **१४,७७,८४,५९५** | **१३,२९,०५,८९३** | **१,४८,७८,७०२** | **११.१९** |

आदरणीय सेयर सदस्यज्यू, विभिन्न समयमा विभिन्न किसिमका समस्याहरु झेल्दै संस्थालाई यहाँसम्म ल्याउनको लागी सहयोग गर्नुहुने तपाईं वा सहकारीको साझा कार्यमा सहभागी भई बचत गर्नुहुने सदस्यज्यूहरु तथा ऋण लिएर समयमै ब्याज तथा किस्ता भुक्तान गर्ने ऋणीहरुलाई मुरी मुरी धन्यवाद दिँदै आगामी दिनहरुमा पनि यसैगरी बचत तथा ऋणको कारोबारमा आवश्यकता अनुसार सहभागी हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु । साथै ऋण लागनीमा सही निर्णय लिनको लागी रचनात्मक छलफल गरी सहयोग गर्नुभएकोमा यस उपसमितिका सदस्यहरु श्री डण्डपाणी कट्टेल र श्री कृष्णमान श्रेष्ठज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु र यी सम्पूर्ण कार्यमा सहयोग गर्नुहुने यस संस्थाका प्रवन्धक श्री गणेश श्रेष्ठ लाई पनि धन्यवाद दिँदै विदा हुन्छु ।

**धन्यवाद, जय सहकारी ।**

**संयोजक**
**ज्ञानहरी अर्याल**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**एघारौं बार्षिक साधारण सभामा मुल्यांकन उप समितिका संयोजक भोला प्रसाद मरहट्टाबाट प्रस्तुत**

## प्रतिवेदन

**२०७८ कात्तिक १३ गते**

आदरणीय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु तथा सम्पूर्ण शेयर सदस्य माहनुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को तेश्रो अधिवेशन पश्चात मलाई धितो मुल्यांकन उप समितिको संयोजक पदमा कार्य गर्ने जिम्मेवारी दिनु भएकोमा आभार प्रकट गर्न चाहन्छु ।

संस्थाले गर्ने ऋण लगानीहरुको मुख्य आधार नै धितो मुल्यांकन हुने भएकोले संस्थाबाट गरिने लगानीमा १० लाखसम्मको ऋण लगानीका लागी मुल्यांकन समितिले नै मुल्यांकन गर्ने गर्दै आएको र सो भन्दा माथिको लगानीमा संस्थाले नै तोकेको कन्सल्टेन्सीबाट मुल्यांकन गराउँदै आएको जानकारी गराउँदछु ।

विभिन्न समयमा सदस्यहरुको माग अनुसार ऋणको लागी उपलब्ध गराईएको धितोहरुको मुल्यांकन गर्नको लागी यस उप समितिका सदस्यज्यूहरुले पनि आवश्यक परेको बेलामा समय उपलब्ध गराई फिल्डमा नै गई सहयोग गर्नु भएको जानकारी गराउँदछु । कहिलेकाहीं यहाँहरुको माग बमोजिमको मुल्यांकन पुग्न नसक्दा लगानीको लागी सिफारिस गर्न नसकेको अवस्थालाई संस्थागत विकासको लागी संस्थागत सुशासनको रुपमा सदस्यहरुले लिईदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

आगामी दिनमा पनि सदस्यहरुको आवश्यकताको पहिचान गरी सुरक्षित, विश्वासिलो तथा पारदर्शी ढंगले लगानी गर्नको लागी मुल्यांकन गर्ने प्रतिबद्धता जाहेर गर्दै धितो मुल्यांकन गर्ने क्रममा मलाई सहयोग गर्ने समिति सदस्य श्री शिवध्वज खत्री र श्री रामहरी के.सी. का साथै प्रबन्धक श्री गणेश श्रेष्ठलाई धन्यवाद दिदै विदा हुन्छु। धन्यवाद । जय सहकारी ।

भोला प्रसाद मरहट्टा
संयोजक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**एघारौं बार्षिक साधारण सभामा शिक्षा उप समितिका संयोजक बसन्त बस्नेतबाट प्रस्तुत**

## शिक्षा समितिको प्रतिवेदन

२०७८ कात्तिक १३ गते

आदरणीय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सम्पूर्ण शेयर सदस्य माहनुभावहरुमा संस्थाको तेश्रो अधिवेशनपछि मलाई शिक्षा समिति अन्तर्गतको संयोजक पदको जिम्मेवारी दिनुभएको मा सबै सदस्यज्यूहरुलाई हार्दिक आभार व्यक्त गर्दै आजको यो एघारौं बार्षिक साधारण सभामा संस्थाद्वारा आर्थिक बर्ष २०७७/७८ मा गरिएका शैक्षिक गतिविधि एवं जानकारी सहितको प्रतिवेदन प्रस्तुत गर्ने सुअवसर प्रदान गरीदिनु भएकोमा सम्पूर्ण शेयर सदस्यहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यस संस्थाले विभिन्न समयमा सदस्य शिक्षा कार्यक्रम, अवलोकन भ्रमण लगायत सदस्यको सहकारी संस्थाप्रतिको उत्तरदायित्व र भूमिकाको विषयमा ज्ञान दिलाउनको लागी सहकारी सम्बन्धी अन्तरक्रिया, गोष्ठी, प्रशिक्षण तथा तालिममा सहभागी गराउने जस्ता कार्यहरु गर्दै आईरहेको यहाँहरुलाई अवगतै छ । कोभिडको कारणले यस बर्ष योजना अनुसारको कार्यक्रमहरु संचालन गर्न नसकिएको जानकारी गराउँदै कार्यान्वयन भएका केही कार्यहरु बुँदागत रुपमा जानकारी गराउन चाहन्छु ।

१) संस्थाको सामाजिक सेवा कार्यक्रम अन्तर्गत संस्थाको दशौं स्थापना दिवसको अवसरमा गोनपा-८ आहाले स्थित श्री सरस्वती मा.वि. को विद्यार्थीहरुलाई शुद्ध पिउने पानीको लागि फिल्टर (युरो गार्ड) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विशेश्वर कट्टेलज्यूलाई संस्थाका तर्फबाट अध्यक्षज्यूले हस्तान्तरण गर्नुभएको जानकारी गराउँदछु ।

२) देशका विभिन्न स्थानमा रहेका सहकारीहरुबाट सहकारी संचालन सम्बन्धी शिक्षा हाँसिल गर्ने हेतुले विभिन्न समयमा गर्दै आएको सहकारी अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत यो बर्ष २०७७ चैत १३ गतेदेखि १६ गतेसम्म सम्पन्न गरिएको जानकारी गराउँदछु ।

३) विभिन्न समयमा स्थानिय निकाय तथा अन्य संस्थाहरुले संचालन गरेका विभिन्न तालिम तथा गोष्ठीहरुमा संस्थाको तर्फबाट सहभागीता जनाई सहकारी सम्बन्धी ज्ञान हाँसिल गरिएको जानकारी गराउँदछु ।

४) संस्थामा आबद्ध हुनुहुने नयाँ सेयर सदस्यज्यूहरुलाई सहकारीको उद्येश्य, संचालन प्रकृया, सदस्यको संस्थाप्रतिको जिम्मेवारी एवं उत्तरदायित्व तथा विभिन्न कृयाकलापहरुको विषयमा जानकारी दिने उद्येश्यले संचालन गर्न लागिएको सदस्य शिक्षा अभिमूखिकरण कार्यक्रम कोभिडको कारणले गर्दा अन्तिम समयमा स्थगित गर्नुपरेको कुरा अवगत गराउँदछु ।

संस्थाले आगामी बर्षमा पनि विभिन्न शैक्षिक तथा वित्तिय साक्षरता सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने लक्ष्य लिएको जानकारी गराउन चाहन्छु ।

१) आगामी बर्षमा पनि विभिन्न जिल्लामा संचालित सहकारी संस्थाहरुको संचालन प्रक्रिया र सहकारी संस्थाले गरेका प्रगतिका उपायहरुका बारेमा अध्ययन अवलोकन भ्रमण गर्ने ।

२) सहकारीका अवधारणा, सहकारीका मुल्य, मान्यता र सिद्धान्तका सम्बन्धमा सहकारी सम्बन्धि तालिम, सिप विकास गोष्ठी एवं अन्तक्रिया साथै लेखा सम्बन्धी तालिम, कम्प्युटर तालिमको आयोजना गर्ने ।

३) गरिब, असाहय, अशक्त विद्यार्थी तथा शिक्षण संस्थालाई सहयोग गर्ने ।

४) वित्तिय साक्षरता कार्यक्रम संचालन गर्ने ।

अन्त्यमा, समग्र संस्थाको उन्नति र प्रगतिको लागी यहाँहरु सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग र सल्लाह दिनुहुनेछ भन्ने आशा र विश्वास राख्दै शिक्षा समितिका सदस्य एवं प्रबन्धकज्यू र सम्पूर्ण कर्मचारीहरुलाई धन्यबाद दिँदै बिदा हुन्छु । धन्यवाद । जय सहकारी ।

बसन्त बस्नेत
संयोजक